का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ माघ २०७९,
बिहीबार
9 February 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक १५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# जेलबाटै रेशमको राजनीति

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २५ माघ ।

सुदूरपश्चिम प्रदेशमा एक महिनासम्म विषयगत मन्त्रालय मन्त्री बिहीन बने । विषयगत मन्त्री नियुक्त नभएसम्म सबै मन्त्रालयको जिम्मेवारी सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्र रावलसँग छ । तर, मुख्यमन्त्री आफै विश्वासको मतका लागि दौडधुपमा हुँदा मन्त्रालयलाई ध्यान दिन सकेका छैनन् ।

मुख्यमन्त्रीले विश्वासको मत लिने गरी बुधबारका लागि बोलाएको प्रदेश सभाको बैठक स्थगित हुन पुग्यो । रावल गत २७ पुसमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

मुख्यमन्त्री रावललाई नागरिक उन्मुक्ति पार्टीले मत दिने वा नदिने भन्ने बारेमा प्रष्ट धारणा दिएको छैन । नागरिक उन्मुक्तिसँग ७ जना प्रदेश सभा सदस्य रहेकोमा सबै काठमाडौंमै छन् । नागरिक उन्मुक्ति पार्टीविना प्रदेश सभामा विश्वासको मत नपाइने देखिएपछि सरकारले बुधबारका लागि आह्वान गरिएको प्रदेशसभा बैठक स्थगित गरेको हो ।

> बुधबार मुख्यमन्त्री राजेन्द्रसिंह रावलले विश्वासको मत लिने कार्यसूची रेशम चौधरीकै आग्रहमा स्थगित गरिएको हो । विश्वासको मत दिनका लागि नागरिक उन्मुक्ति पार्टीले आफ्नो मुद्दाको सम्बोधन हुने बटम लाइन राखेको छ । रेशम चौधरीको यही सन्देश लिएर नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले बुधबार साँझ एमाले अध्यक्ष केपी ओलीसँग भेटेकी छन् ।

मुख्यमन्त्री रावलले बिहीबारसम्म विश्वासको मत पाउन नसकेमा उनी पदमुक्त हुनेछन् । अर्थात, नागरिक उन्मुक्ति पार्टीको निर्णयमा सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री रावल छन् ।

नागरिक उन्मुक्ति पार्टीसहित नेकपा माओवादी केन्द्र, नेकपा एमाले र राप्रपाको समर्थनमा राजेन्द्र रावल पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । बिहीबारसम्म विश्वासको मत पाउन नसकेको स्थितिमा प्रदेशसभाको ठूलो दलको संसदीय दलको हैसियतमा नेपाली कांग्रेसका कमल शाह मुख्यमन्त्रीमा नियुक्त हुनेछन् । यो घटनाको निर्णय नागरिक उन्मुक्तिका ७ जना प्रदेश सभा सदस्यसँग छ । ती ७ जना प्रदेश सभा सदस्य रेशम चौधरीको निर्णय पर्खिरहेका छन् ।

चौधरी भने टीकापुर घटना संलग्नता आरोपमा डिल्लीबजार कारागारमा छन् । कारागारबाटै उनले पार्टी हाँकिरहेका छन् । अझ, रेशमले डिल्लीबजार कारागारमै सुदूरपश्चिम प्रदेशमा प्रतिनिधित्व गर्ने सांसदलाई निगरानीमा राखेका छन् । थरुहटको आन्दोलनका क्रममा २०७२ सालको भदौमा प्रदर्शन हिंसात्मक बनेपछि भिडले नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक लक्ष्मण न्यौपानेसहित आठ सुरक्षाकर्मीको हत्या गरेको थियो । घटनामा एक नाबालक पनि मारिएका थिए ।

बुधबार मुख्यमन्त्री राजेन्द्रसिंह रावलले विश्वासको मत लिने कार्यसूची पनि रेशम चौधरीकै आग्रहमा स्थगित गरिएको हो । अब मुख्यमन्त्री रावलले बिहीबार बस्ने बैठकमा विश्वासको मत लिनेछन् । यसका लागि नागरिक उन्मुक्ति पार्टीले आफ्नो मुद्दाको सम्बोधन हुने बटम लाइन मागेको छ । यही सन्देश लिएर नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले बुधबार साँझ एमाले अध्यक्ष केपी ओलीसँग भेट गरिन् । नागरिक उन्मुक्ति पार्टीको रेशम चौधरीलगायत टीकापुरका राजबन्दीहरुको रिहाइ पहिलो बटम लाइन छ ।

प्रदेशसभामा सत्तापक्षीय एमालेका दश, माओवादी केन्द्रका सभामुखबाहेक दश, नागरिक उन्मुक्तिका सात र राप्रपाका एक सदस्य छन् । विपक्षमा रहेको नेपाली काँग्रेसका १९, नेकपा एकीकृत समाजवादीका चार र एक स्वतन्त्र सदस्य रहेका छन् ।

**महाअभियोगमा समयसीमा**

# सभामुखको स्वविवेकीय अधिकार खोसियो

**दिवाकर अधिकारी/ मध्यान्ह**
काठमाडौं, २५ माघ ।



प्रतिनिधिसभाले कारबाही शुरु गरेपछि दर्ता भएका महाअभियोग प्रस्ताव समय अनुसार अगाडि बढ्ने भएको छ । राष्ट्रपति र उपराष्ट्रपतिविरुद्धको महाभियोग ३ महिनाभित्र र प्रधानन्यायाधीश, न्यायाधीश, न्यायपरिषदको सदस्य र संवैधानिक प्रमुख वा सदस्य विरुद्धको महाभियोग प्रस्ताव ५ महिनाभित्र टुंगो लगाउने पर्ने प्रस्तावमा दलहरु सहमत छन् । विगतमा महाअभियोग प्रस्ताव उपर छलफलको प्रक्रियामा सभामुखलाई स्वविवेकीय अधिकार दिइएको थियो । सभामुखले स्वविवेकीय अधिकार प्रयोग गरेर तत्कालीन प्रधनन्यायाधीश चोलेन्द्रशमशेर जबरा विरुद्धको महाभियोग प्रस्ताव अगाडि नबढाएर संसदमा अड्काएको आरोप लाग्दै आएको छ। कानूनले नै सभामुखलाई स्वविवेकीय अधिकार दिएको र त्यसकै कारण विगतमा गलत नजिर बस्न गएको भन्दै प्रतिनिधिसभा नियमावली मस्यौदा समितिमा जारी छलफलमा संघीय संसद सचिवालयले सचिवालयले राष्ट्रपति र उपराष्ट्रपतिविरुद्धको महाभियोग ३ महिनाभित्र टुंग्याउनुपर्ने र संवैधानिक प्रमुख वा सदस्य विरुद्धको महाभियोग प्रस्ताव ५ महिनाभित्र टुंगो लगाउनु पर्ने प्रस्ताव अगाडि सारेको हो । जो बुधबार मस्यौदा समिति सदस्यहरुलाई वितरण गरिएको छ ।

> संघीय संसद सचिवालयले राष्ट्रपति र उपराष्ट्रपतिविरुद्धको महाभियोग ३ महिनाभित्र टुंग्याउनुपर्ने र संवैधानिक प्रमुख वा सदस्य विरुद्धको महाभियोग प्रस्ताव ५ महिनाभित्र टुंगो लगाउनु पर्ने प्रस्ताव अगाडि सारेको हो ।

मस्यौदा समितिका सदस्यहरु राष्ट्रपति तथा उपराष्ट्रपति, संवैधानिक निकायका प्रमुख र सदस्यहरूमाथि लाग्ने महाभियोगबारे संसदीय प्रक्रियाका लागि चरणबद्ध समयसीमा प्रतिनिधिसभानियमावलीमा राख्न एकमत छन् । तत्कालीन प्रधानन्यायाधीश जबरामाथि लागेको महाभियोग प्रस्ताव संसदीय प्रक्रियामा सही ढंगले टुंगोमा नपुगेको र संघीय संसदका महासचिव भरतराज गौतमले लेखेको पत्रको

– बाँकी पृष्ठ २ मा

# अनलाइन ठगी गर्ने गिरोह सक्रिय

नेपाल प्रहरीका अनुसार पछिल्लो समय केही व्यक्तिलाई चिठ्ठा परेको भनेर केही रकम पठाउने र पछि थप रकम जम्मा गर्न ओटीपी कोड आवश्यक पर्ने भन्दै माग्ने गरिन्छ । सो कोड प्राप्त गरेपछि बैंक तथा डिजिटल वालेट आफैं सञ्चालन गरी भएको रकम अर्को खातामा पठाउने लगायतका ठगी बढेको छ ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २६ माघ ।

सुनसरीको रामधुनी गाँउपालिका-४ घर भई काठमाडौं नयाँबस्ती बस्ने २० वर्षीया युनिसा भन्ने स्वस्तिका श्रेष्ठले अष्ट्रेलियामा रहेकी केटी साथीको नाममा फेक फेसबुक एकाउन्ट खोलिन् । त्यसमार्फत उनले विभिन्न केटा साथीलाई म्यासेन्जर मार्फत विभिन्न बहानामा आफ्नो बैंक तथा ई-सेवा लगायतका वालेटहरूमा रकम पठाउन अनुरोध गर्न थालिन् । साथीहरुले पनि अप्ठेरो परेको सोचेर उनलाई पैसा पठाइदिए । तर, केही महिनापछि मात्रै थाहा भयो, उक्त नक्कली फेसबुकबाट आफूहरु ठगी भएको विषय । अनि मंगलबार मात्रै प्रहरीले युनिसालाई विद्युतीय कारोबार कसूर अन्तर्गत आवश्यक अनुसन्धान एवं कारबाहीको लागि नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटी काठमाडौं पठाइएको छ ।

पछिल्लो समय अनलाइन मार्फत ठगी गर्ने गिरोह बढेको छ । काठमाडौंमा आर्थिक वर्ष २०७८/०७९ मा मात्रै ३ सय ४२ जना अनलाइनको माध्यमबाट ठगिएको प्रहरीको तथ्यांक छ । त्यस्तै, प्रत्येक महिना ७० देखि ८० वटा यस्ता ठगीका उजुरीहरू आउने गरेको छन् ।

सामाजिक सञ्जालमार्फत चिट्ठा परेको भन्दै ठगिएको, सामान पार्सलमा ठगीमा परेको, मोबाइल खरिद बिक्रीमा ठगिएको, फेसबुक आइडी ह्याक गरी ठगीमा परेको, ई-सेवा/ओटीपी कोडबाट ठगीमा परेको तथा अन्य माध्यममार्फत ठगीमा परेको भन्दै प्रहरीमा उजुरी दिनेको संख्या बढेको तथ्यांकले देखाउँछ । 'अनलाइन माध्यमबाट

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मन्त्रालयद्वारा युरोपका पेण्डिङ डिमाण्डहरुको विवरण माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युरोपेली मुलुकहरुबाट ल्याइएका माग र विभिन्न नेपाली देशमा नेपाली दूतावासमा प्रमाणीकरण नभई पेण्डिङ रहेका मागपत्रको विवरण तत्काल पठाउन व्यवसायीहरूलाई आग्रह गरेको छ ।

संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग युरोपेली मुलुकहरूबाट नेपालीका लागि ठूलो संख्यामा माग भइरहेको तर प्रमाणीकरण प्रक्रिया झन्झटिलो बनाइएका कारणले नेपालबाट कामदार पठाउन नसकिरहेको जानकारी गराएको थियो ।

संघका महासचिव मेघनाथ भूर्तेलले संघको उक्त मागअनुसार मन्त्रालयले युरोपका विभिन्न मुलुकहरुबाट ल्याएको तथा पेण्डिङ रहेका डिमाण्डको विवरण माग गरेकोले व्यवसायीहरूसँग विवरणसहितको जानकारी माग गरेको बताए ।

यसैबीच परराष्ट्रमन्त्री विमला राई पौड्यालले वैदेशिक रोजगार मागपत्र प्रमाणीकरणमा विदेशस्थित नेपाली नियोगहरुलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएकी छन् । नेपालस्थित साउदी अरेबियाको दूतावासमा रहेको साउदी आईडि तथा भिसा स्ट्याम्पिङसहितका आधा दर्जन बढी समस्या लिएर गएको संघको नवनिर्वाचित प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै मन्त्री पौड्यालले उक्त आश्वासन दिएकी हुन् । संघका नवनिर्वाचित अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा मंगलबार व्यवसायी टोली परराष्ट्र मन्त्रालय पुगेको थियो ।

संघले विदेशस्थित नियोगहरूमा मागपत्र प्रमाणीकरण, कूटनीतिक नियोगमा मागपत्र प्रमाणीकरणमा मागिने

– बाँकी पृष्ठ २ मा



## संघ कार्यसमितिलाई महसंघको स्वागत

**काठमाडौं/मस–** निजी क्षेत्रका व्यवसायीहरूको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा स्वागत गरेको छ । बुधबार संघका नवनिर्वाचित पदाधिकारीहरूलाई महासंघको भवन टेकुमा आमन्त्रण गरेर स्वागत तथा कार्यकाल सफलताको शुभकामना दिएको हो । संघ महासंघको एशोसिएट सदस्य हो । त्यसअवसरमा संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भएपनि सरकारको नियन्त्रणमुखी प्रावधानका कारण समस्या सिर्जना भएको उल्लेख गर्दै संघले उठान गरेका व्यवसायीका मुद्दाहरूमा महासंघको सहकार्य तथा सहयोग अपेक्षा गरिएको बताएका थिए । संघका मागहरूमा महासंघ सहकार्य गर्ने प्रतिबद्धता जनाएको पनि संघका महासचिव मेघनाथ भूर्तेलले जानकारी दिए ।

WE'RE HIRING
VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

| S.N. | POST | QTY. | M/F | QUALIFICATION | EXPERIENCE |
|---|---|---|---|---|---|
| 1. | Receptionist | 2 | F | Inter Passed | सम्बन्धित फिल्डमा दक्ष |
| 2. | Office Secretary | 2 | F | Bachelor Clear | |

9843276628
SALARY Negotiable
ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
Dhapasi, Near Shahanshah Hotel, Kathmandu
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१

UAE मा वैदेशिक रोजगारको अवसर
فالترانس VALTRANS
१. कम्पनी : VALTRANS TRANSPORTATION SYSTEMS & SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०५/०८ चलानी नं.: ६०१८६०७७ LT. No.:270227 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Signal Operator (Light Driver) | 377 | 0 | स. काममा दक्ष | 1350 | ४८,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ५ गते (17 February 2023) मा हुनेछ ।

NPC NATIONAL PROJECTS & CONSTRUCTION L.L.C
कम्पनी: NATIONAL PROJECTS AND CONTRUCTIONS LLC
शहर: UAE
TROJAN CONSTRUCTION GROUP

| पूर्व स्वीकृत मिति: २०७९/१०/०९ | चलानी नं.: ६०१९५४०४ | L.T. No.: 279851 | पून विज्ञापन |
|---|---|---|---|

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 300 | 0 | स. काममा दक्ष | 1200 | ४३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २९ गते (12 February 2023) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा पोखरा कास्की मा २०७९ फागुन १ गते (13 February 2023) मा हुनेछ ।
अन्तर्वार्ता साईबाबा ट्रेनिङ सोटर जनकपुर धनुषामा २०७९ फागुन २ गते (14 February 2023) मा हुनेछ ।
अन्तर्वार्ता अक्टोपस ट्रेनिङ सेन्टर झापा, दमकमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ नि:शुल्क क.नं. २ को रु १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

R.B. Overseas
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
R.B. OVERSEAS PVT. LTD.
Gongabu, Kathmandu | Phone: 4390215, 4390043.
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 | Email:rboverseasnepal@gmail.com

# अलपत्र विकासे योजना

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २५ माघ ।

योजना निर्माणको जिम्मा पाएका ठेकेदारहरुले विविध समस्या देखाउँदै विकासे योजना अलपत्र पारेका छन् । सम्झौता भएको आठ वर्ष बितिसक्दा पनि एक मोटरेबल पुल निर्माणको काम शुरु हुन सकेको छैन । निर्माण कम्पनीको लापरबाहीको कारण रुकुम पश्चिमको सानीभेरी गाउँपालिका -२ र ४ जोड्ने मेघा पुलको निर्माणको काम शुरु भएको छैन । दुई वर्षमै निर्माण सम्पन्न गर्नेगरी सम्झौता गरिएतापनि आठ वर्षसम्म काम शुरु गरिएको छैन । जसका कारण सर्वसाधारणले सास्ती पाउँदै आएको स्थानीयहरु बताउँछन् ।

सडक डिभिजन कार्यालय चौरजहारी मार्फत खोलिएको मेघा पुल निर्माणको ठेक्का सपना सैलुङ्ग जेभी काठमाडौंले पाएको थियो । डिभिजन कार्यालयका इन्जिनियर सुरेश कुमार बस्यालका अनुसार उक्त निर्माण कम्पनीले ०७१ साल मंसिर २ गते २०७३ पुस २ सम्ममा काम



सम्पन्न गर्नेगरी सम्झौता गरेको थियो ।

उक्त मितिमा काम नगरेकोले २०७७ पुस १३ गतेसम्मको लागि म्याद थप गरिएको थियो । तर थप गरिएको मितिमा समेत कार्य सम्पादन हुन सकेको छैन । इन्जिनियर बस्यालले १२० मिटर लामो आरसीसी पुल निर्माणका लागि १४ करोड ७४ लाख रुपैयाँमा सम्झौता भएको बताए ।


अहिले निर्माण कम्पनी काम गर्छौं भन्दै सम्पर्कमा आएको उनको भनाइ छ । हालसम्म मेघा पुल निर्माणको तीन प्रतिशत मात्रै वित्तीय प्रगती भएको सडक डिभिजन कार्यालय चौरजहारीले जनाएको छ । सानीभेरी गाउँपालिका वडा नम्वर २ का वडाध्यक्ष मानबहादुर पुनको साविक पुर्तिमकाँडा गाविसको फल्याबगर र गरायला गाविसको मेघा जोड्ने गरेर २०७१ मा पुल बन्ने कुरा भएतापनि हालसम्म काम काम शुरुनै नभएको भन्ने गुनासो छ । सानीभेरी नदीमाथि निर्माण हुनुपर्ने उक्त पुल समयमै नबन्दा सर्वसाधारणले सास्ती पाइरहेको वडा अध्यक्ष पुनको भनाइ छ । पुल निर्माण भएमा मध्यपहाडी सडकमार्गको फल्याबगरदेखि गरायला, रिम्ना, डोल्पा गाउँको आउँजाउँमा सहजता हुने वडाध्यक्ष पुनले बताए । पुल नबन्दा सर्वसाधारणहरु घण्टौं हिडेर सिम्ली र रिम्ना पुगेर फोलुङ्गे पुलको सहारा लिन बाध्य भएको उनले बताए ।

सपना शैलुङ्ग जेभीका प्रोजेक्ट म्यानेजर वशिष्ठ नारायण यादवले काम शुरु गर्ने गरेर आफूहरु फिल्डमा आएको बताए । 'विविध कारणले काम हुन सकेको रहेनछ,' यादवले भने । 'मलाई यहि पुल बनाउनको लागि नियुक्ति दिएर कम्पनीले पठाएको छ, हामी जतिसक्दो काम शुरु गर्नेछौं ।'

विगतमा पायल फाउण्डेशन बनाउनको लागि सानो मेशिनले काम गर्न नसकेको र कोरोना महामारी लगायतका कारण काम शुरु नभएको उनको भनाइ थियो । अहिले फाउण्डेशन निर्माणका लागि रिग मेशिन निर्माणस्थलमा ल्याइएको र सडक डिभिजन कार्यालयसँग काम शुरु गर्नको लागि समन्वय भइरहेको यादवले बताए । काम शुरु गरेको बहाना गरेर सम्झौता म्याद मात्र थप्ने बहाना गरेको भन्दै स्थानीयले आक्रोस व्यक्त गरेका छन् ।

# शिक्षाविद् घिमिरेलाई नागरिक अभिनन्दन गरिने

**इटहरी/मस-** सुनसरी इटहरीलाई कर्मथलो बनाएर लामो समयदेखि शैक्षिक तथा सामाजिक क्षेत्रमा विशेष योगदान पुऱ्याउँदै आएका शिक्षाविद् तथा साहित्यकार लेखनाथ घिमिरेलाई भव्य रुपमा नागरिक अभिनन्दन गरिने भएको छ ।



मंगलबार पत्रकार सम्मेलन गर्दै आयोजक कमिटीले घिमिरेको अभिनन्दन कार्यक्रम तयारी अन्तिम चरणमा पुगेको बताएको छ । शिक्षाविद् घिमिरेलाई ७७ वर्षको उमेरमा आगामी माघ २७ गते भव्य रुपमा नागरिक अभिनन्दन गर्न लागिएको हो ।

नागरिक अभिनन्दनकै तयारीका क्रममा लेखनाथ घिमिरेका बारेमा अभिनन्दन ग्रन्थ पनि प्रकाशन भइसकेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । ५ सय ७२ पृष्ठको सो अभिनन्दन ग्रन्थमा एक सय २७ लेखकका लेखसहित विविध सामग्री रहेको लेखनाथ घिमिरे अभिनन्दन मूल समारोह समितिका संयोजक अनिल पौडेलले बताए ।

अभिनन्दनका क्रममा लेखनाथ घिमिरेकै उचाइ बराबरको ताम्रपत्र प्रदान गरिनेछ । कार्यक्रममा निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाको प्रमुख उपस्थिति रहनेछ । अभिनन्दन कार्यक्रममा प्रदेश १ बाट १४ वटै जिल्लाका एक-एक जना प्रतिनिधि, संघीय राजधानी काठमाडौंबाट साहित्यकार, प्राध्यापक र सामाजिक अगुवा गरी दस जनाको विशेष सहभागिता रहने छ । अन्य प्रदेशबाट २५ जिल्लाका एक-एक जना प्रतिनिधि सहभागी हुनेछन् । भारतका विभिन्न प्रदेशबाट २२ जनाको सहभागिता रहनेछ । साथै भारतको आसामबाट आउने साहित्यकारको टोलीले आसामी भेषभूषासहित आसामी नागरिकको तर्फबाट पनि अभिनन्दन तथा सम्मान प्रदान गर्नेछन् ।

अभिनन्दन कार्यक्रम दिउँसो साढे ११ बजेबाट शुरु हुने छ । घिमिरेलाई इटहरी- ४ पाँचधारेस्थित उनको घरबाट रथयात्रा शुरु गरिने छ । त्यस क्रममा विभिन्न जातीय भेषभूषा, झाँक्री, ब्यानरसहित इटहरी वडा-९ स्थित जनता माध्यमिक विद्यालयको मैदानमा पुगेर साढे १२ बजेदेखि औपचारिक कार्यक्रम शुरु हुने जनाइएको छ ।

# जुम्ला पातारासीका केही भेग अझै सञ्चारविहीन



**मध्यान्ह संवाददाता**
जुम्ला, २५ माघ

जुम्ला पातारासी गाउँपालिकाको उपल्लो भेग १ र २ नम्बर वडाका गाउँबस्ती सञ्चारविहीन अवस्थामा रहेका छन् । पातारासीका केहि ठाउँमा अहिले पनि खबर आदान-प्रदान गर्दा एक अर्कालाई रैबार तथा खबर पठाउने प्रचलन रहेको छ ।

दर्जनबढी गाउँबस्तीमा खबर आदान-प्रदान गर्न रैबार तथा खबरको विधि प्रयोग गर्ने गरिएको सामाजिक अभियन्ता भक्तबहादुर बुढाले बताए । उनका अनुसार पातारासी गाउँपालिका वडा नम्बर २ को ढाँडा भन्ने ठाउँमा तीन वर्षअघि टेलिफोनको टावर निर्माण गर्न ठेक्का खोलिएको थियो । तर अहिलेसम्म निर्माण भएको नहुँदा सामाजिक अभियन्ता बुढाले बुधबार नेपाल टेलिकमलाई इन्टरनेट सेवा विस्तार गर्न माग गर्दै ध्यानाकर्षण गरेका छन् । उनका अनुसार टावर निर्माणका लागि केही सामग्री निर्माणस्थलमा पुगेका छन् । तर, काम अगाडि बढेको छैन । अलपत्र अवस्थामा रहेको टेलिफोन टावर निर्माण गरी फोरजी इन्टरनेट सञ्चालन गर्नका लागि स्थानीय सरकार पातारासी गाउँपालिका, जिल्ला प्रशासन कार्यालय र टेलिकम शाखाको ध्यानाकर्षण गरिएको उनले बताएका छन् ।

आकाशमा बादल लागेको बेलामा, हिमपात, पानी परेको अवस्थामा टेलिफोन टावरमा राखिएको नेपाल दूरसञ्चारको तथ्यांकले जुम्लाका सातवटै गाउँपालिका सबै गाउँबस्तीमा टेलिकम सेवा पुगेको देखाए पनि प्रभावकारी र गुणस्तरीय सेवा विस्तार नहुँदा सेवाग्राहीले सास्ती खेप्नुपरेको छ

ध्यानाकर्षणपत्र बुझ्दै नेपाल टेलिकम शाखा जुम्लाका प्रमुख रामचन्द्र श्रेष्ठले आगामी वैशाखसम्ममा यी समस्याहरु हल हुँदै जाने बताएका छन् । दुर्गम क्षेत्रमा स्थापना गरिएका टेलिफोन टावर सञ्चालन गर्नका लागि सोलार प्रणाली राखिएको छ । सोलार प्रणाली वैकल्पिक ऊर्जा हो । टेलिकमकै अप्टिकल फाइबर लाइन विस्तार नहुन्जेलसम्म वर्ल्डलिंकको फाइबर लिजमा लिएर सञ्चालन गर्ने तयारी गरिएको छ ।

# 'भ्यालेन्टाइन डे'मा 'कवितासँग वसन्त'



**काठमाडौं/मस-** यो वर्षको 'भ्यालेन्टाइन डे' (प्रणय दिवस) को दिन प्रेमिल कवि तथा गीतकारको छवि बनाएका बसन्त चौधरीको एकल कविता वाचन हुने भएको छ । भ्यालेन्टाइन डे(प्रणय दिवस)को अवसर पारी फेब्रुअरी १४ (फागुन २ गते) चौधरीको विशेष कविता वाचन कार्यक्रम आयोजना हुने भएको हो ।

'कवितासँग वसन्त' नाम दिइएको एकल कविता वाचनको थिम 'लभ इज इन दि एयर' राखिएको छ । फागुन २ गते दिउँसो ३:४५ बजेदेखि काठमाडौंको मण्डला थिएटरमा आयोजना हुने विशेष कार्यक्रममा कवि तथा साहित्यकार चौधरीले प्रेमसँग सम्बन्धित कविताहरु वाचन गर्नेछन् । 'भ्यालेन्टाइन डे'लाई विशेष बनाउन कवि चौधरीले एकल कविता वाचनमार्फत प्रेमिल कविता तथा रचनाको प्रस्तुति गर्न लागेका हुन् ।

एकल कविता वाचन कार्यक्रममा कवि चौधरीले एकदर्जन बढी प्रेमिल कविताहरु प्रस्तुत गर्नेछन् । यो दिन उनका दुईवटा पुस्तक 'मेरा गीत' (गीतहरुको संग्रह) तथा 'जीवनमन्त्र-२' (सुक्ति संग्रह) समेत लोकार्पित गरिनेछन् ।

बसन्त चौधरी नेपाली साहित्यमा प्रेमसँग सम्बन्धित कविता तथा रचनाका लागि स्थापित नाम हो । उनले केही वर्षअघि नेपाली साहित्यको उन्नयनका लागि विश्व काव्ययात्राको आयोजना गरी विभिन्न देशमा पुगेर प्रेमिल कविताहरु प्रस्तुत गरेका थिए ।

नेपाली भाषाका साथै हिन्दी भाषामासमेत कवि चौधरीले सशक्त सिर्जनाहरु सार्वजनिक गरिसकेका छन् । केही समयअघि उनका ८५ वटा कविताहरुको संग्रह 'तिमीबिनाको म' सार्वजनिक भएको थियो । यसमा संग्रहित अधिकांश रचना प्रेमसँग सम्बन्धित छन् । त्यसअघि हिन्दी काव्य संग्रह 'अनेक पल और मैं' सार्वजनिक भएको थियो । 'मेघा'देखि 'तिमीबिनाको म'सम्म उनका एकदर्जन कृतिहरु प्रकाशित छन् । चौधरीका कविता समकालीन मनुष्यका सुखदुःख, हास्य एवं रोदन अर्थात प्रेमानूभूतिसँग सम्बन्धित हुन्छन् । उनले कवितामा प्रयोग गर्ने बिम्ब र प्रतीक अनौठा हुने गरेका छन् ।

# फतुवा विजयपुर नगरपालिकामा ताला बन्दी

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २५ माघ

रौतहटको फतुवा विजयपुर नगरपालिकामा स्थानीय महिलाहरुले ताला बन्दी गरेका छन् ।

नगरपालिकाका विभिन्न शाखाको सेवा प्रवाहमा प्रमुख प्रशासकीय अधिकृतको कमि कमजोरी र कर्मचारीहरुको मिलोमतोमा भ्रष्टाचार बढेको भन्दै महिलाहरुले ताला बन्दी गरेका हुन् ।

स्थानीय महिलाहरुले नगरपालिकाका वडाध्यक्ष पप्पु यादव, ज्ञानेन्द्र यादव र केही कर्मचारीहरुले प्रशासकीय अधिकृत शम्भु कुमार यादवको साथमा मिलेर भ्रष्टाचार गरिरहेको आरोप लगाएका छन् ।

कार्यवाहक मेयर अम्बेया खातुनले भने स्थानीय महिलाहरुलाई केहि व्यक्तिले उक्साएर तालाबन्दी गराइएको दाबी गरिन् ।

नगरपालिकामा नगरस्तरीय सडक बोर्डका लागि रु. ३२ लाख रकम बजेट विनियोजन भएको थियो । तर सडक बोर्डको पत्र ज्ञजिन्द्र यादवले धाकधम्की देखाई आफ्नो कब्जामा पारेको का.वा मयेर खातुनले बताइन् ।

# हवाई सेवा सुरक्षित बनाउने विषयमा सर्वोच्चले माग्यो लिखित जवाफ

**काठमाडौं/मस-** सर्वोच्च अदालतले यातायात सुरक्षासम्बन्धी आवश्यक सुरक्षा मापदण्ड संशोधन गर्न आदेशको माग गर्दै रिट निवेदनमा लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले आज उक्त विषयमा सरकारसँग लिखित जवाफ माग गर्दै अग्राधिकार प्रदान गरेको छ । वरिष्ठ अधिवक्ता डा.दिनेश त्रिपाठीले यही माघ २० गत दायर गर्नुभएको रिट निवेदनमा हवाई यातायात सञ्चालनसम्बन्धी विद्यमान कानून, नीति एवं हवाई सुरक्षा मापदण्डको संशोधन एवं परिमार्ज गर्न माग गरिएको छ ।

रिट निवेदनमा अहिलेको हवाई यातायात सुरक्षासम्बन्धी व्यवस्थाले हवाई यातायातको क्षेत्र सुरक्षित नभएको हुँदा उक्त मापदण्ड संशोधन र परिमार्जन गर्नुपर्ने आवश्यकता भएको जिकिर गरिएको छ ।

विशेषज्ञ सम्मिलित उच्चस्तरीय समिति गठन गरी विद्ययमान कानुन, नियमका साथै सुरक्षा मापदण्डको पुनरावलोकन गर्न गर्नुपर्ने र अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को मापदण्ड पालना भए/नभएको अनुगमनका लागि स्थायी संयन्त्र निर्माण गर्नसमेट रिट निवेदनमा माग गरिएको छ । साथै हवाई दुर्घटनाको जाँचका लागि स्थायी संयन्त्र निर्माण गर्न माग गरिएको छ ।

## महाअभियोगमा...

पनि जिकिर गर्दै सांसदहरू महाभियोगबारे स्पष्ट व्यवस्था नियमावलीमा गर्न सहमत भएका हुन् ।

सांसदहरूले महाअभियोग समिति गठन, महाअभियोगको समयावधि र संसद्को कार्यकाल सकिएको अवस्थामा अर्को संसद्मा महाभियोग प्रस्तावमाथि कारबाही हुने कि नहुने भन्ने विषयमा पनि स्पष्टता खोजेका छन् । महाभियोगको टुंगो नलागेको अवस्थामा संघीय संसद्का महासचिवलाई पत्र लेख्ने अधिकार दिने कि नदिने भन्ने विषय पनि नियमावलीमा व्यवस्था गर्नुपर्ने प्रस्ताव छ ।

महाअभियोगसम्बन्धी सम्पूर्ण प्रक्रिया तोकिएको महिनाभित्रमा पूरा गर्नुपर्ने र यदि त्यस्तो हुन नसकेमा महाअभियोग स्वतः निस्क्रिय हुने व्यवस्था राख्नुपर्ने कतिपयको प्रस्ताव छ । महाअभियोग एक चौथाई सांसदहरूले पेश गर्न सक्छन् । संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीलाई जतिखेर पनि तर्साइरहन सक्ने र त्यो महाअभियोग अनन्तकालसम्म हाउसमा नआउने, छलफलको विषय नबन्ने बिगतको प्रवृति रोक्ने सांसदहरुको प्रस्ताव छ । समय नै तोकेर समयसीमा राख्ने र त्यस सम्बन्धी प्रक्रिया लम्ब्याउन नपाउने, यदि तोकिएको समय गुजारे स्वतः महाअभियोग निस्क्रिय हुने प्रावधान राख्ने अधिकांश सदस्यको प्रस्ताव छ ।

प्रतिनिधिसभाले आफ्नो काम व्यवस्थित गर्नका लागि माघ १० गते प्रतिनिधिसभा नियमावली मस्यौदा समिति गठन गरेको थियो । सबै दल र स्वतन्त्र सांसद समेतको संलग्नता रहेको समितिमा २१ सदस्य छन् । उनीहरुलाई १५ दिनको समय दिइएको छ ।

## अनलाइन...

हुने सेवासुविधाको उपयोग बढी भयो, सतर्कता कम भयो, सामाजिक सञ्जालको प्रयोगमार्फत पनि ठगीका घटना बढेको देखिएको छ,' काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता कृष्णप्रसाद कोईरालाले भने । उनले केही व्यक्तिलाई चिठ्ठा परेको भनेर केही रकम पठाउने र पछि थप रकम जम्मा गर्न ओटीपी कोड आवश्यक पर्ने भन्दै माग्ने तथा सो कोड प्राप्त गरेपछि बैंक तथा डिजिटल वालेट आफैं सञ्चालन गरी भएको रकम अर्को खातामा पठाउने लगायतका ठगी बढेको बताए ।

अनलाइनमार्फत विभिन्न खालका ठगी गर्नेमा नेपाली मात्रै नभएर भारतीय र चिनियाँ नागरिक पनि रहेको प्रहरी महाशाखाले जनाएको छ । नेपालको ठूलो जनसङ्ख्या अनलाइन प्रविधिमा सम्बद्ध हुँदा अपराधिक गतिविधि, मानव बेचबिखन, बलात्कार देखि हत्या सम्मका घटनाहरु पनि बढेको देखिन्छ । तसर्थ, केही समयअघि गृहमन्त्रालयले विज्ञप्ती नै जारी गरेर चिठ्ठा परेको, विभिन्न उपहार प्राप्त भएको र कोही साथीले ओटीपी नम्बर मागेमा नदिन अनुरोध गर्दै आएको छ । तरपनि, ज्ञानको कमी र विभिन्न प्रलोभनले अनलाइन ठगीका घटना झनै बढ्न थालेको छ । यसमा आमनागरिक पनि पूर्ण सुसुचित हुन अत्यावश्यक रहेको प्रहरीले जनाएको छ ।

## मन्त्रालयद्वारा...

कागपत्रको अनिश्चितता, मागपत्र प्रमाणीकरणका सम्बन्धमा नेपाली कूटनीतिक नियोगहरुलाई दिइएको देशगत जिम्मेवारीले पारेको असुविधा, विदेशमा नेपाली कामदार हरुलाई दिइने कानूनी सहायता र युरोपियन मुलुकका देशमा वैदेशिक रोजगारीका लागि जाने कामदारको भिसाका लागि भारतको नयाँ दिल्ली जानुपर्ने बाध्यताले सिर्जना गरेकासहित आधा दर्जन बढी समस्या विषय राखिएको संघका महासचिव भुर्तेलले मध्यान्हलाई जानकारी दिए ।

व्यवसायीहरूले वैदेशिक रोजगार क्षेत्रले मुलुकको अर्थतन्त्रमा २५ प्रतिशत भन्दा बढीको योगदान दिइरहेको कारणले वैदेशिक रोजगार मुलुकका लागि महत्वपूर्ण क्षेत्र भएको स्मरण गराउँदै परराष्ट्र मन्त्रालयले मागपत्र प्रमाणीकरण र कामदारका समस्या समाधानका लागि परराष्ट्र मन्त्रालयले सहजीकरण गर्नुपर्ने भन्दै ध्यानाकर्षण गराएका छन् ।

जवाफमा परराष्ट्रमन्त्री पौड्यालले नेपाली कामदारका लागि आउने डिमाण्ड अनिवार्य रुपमा दूतावास प्रमाणीकरणले समस्या सिर्जना गरेको व्यवसायीहरुको गुनासो सम्वोधन गर्ने विषय नेपाली दूतावासहरूलाई उत्तरदायी र जवाफदेही बनाउने बताएकी छन् । व्यवसायीहरूले दूतावासका केही कर्मचारीले डिमाण्ड प्रमाणीकरणको बाध्यतालाई आफ्नो आर्थिक स्वार्थ पूरा गर्ने औजार बनाएको गुनासो गर्दै आएका छन् ।

**ROMANIA मा रोजगार ।** कम्पनी: PEOPLE HOUSE INTERNATIONAL SRL
शहर: Romania

पूर्व स्वीकृत मितिः२०७९/१०/२५ चलानी नं.:६०१९६२७९ LT. No.: 280791

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 25 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७२,६३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hospitality Worker | 10 | 20 | | 600 | ७९,२४२ | | | | | | | |
| 3. | Construction Worker | 25 | 0 | | 700 | ९२,४४९ | | | | | | | |
| 4. | General Worker | 20 | 0 | | 550 | ७२,६३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ४ गते (16 Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर, तिनकुने-३५, काठमाडौ, नेपाल
फोन: ५१९२०२८, ४१११६४४ फ्याक्स: ४१११६४४
श्रम इजाजत नं. ९४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com

**मलेसियामा रोजगारको** | १. कम्पनी: LIANG TEIK TRADING CO. SDN.BHD
शहर: PINANG

पूर्व स्वीकृत मिति: २०७९/०५/२६ चलानी नं.: ६०१८७४६२ LT. No.: 271466 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुण ४ गते (16 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**सदिक्षा ओभरसिज प्रा. लि.**
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५
फोन: ४३८०१८१, ४३८८२००, ४३८६५२५
Mob:- 9851332383/ 9851332382/ 9851332384/ 9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np
श्रम इजाजत पत्र नं. [illegible]

# भोट बैंक मात्रै बने व्यवसायी

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २५ माघ

इटहरी ६ का मदिरा व्यवसायी कल्पना श्रेष्ठ यस पटकको उद्योग वाणिज्य संघ इटहरीको निर्वाचनमा व्यवसायीको पिर मर्का बुझ्ने र तत्काल समाधान निकाल्न सक्ने नेतृत्वलाई भोट दिने बताउँछिन् । त्यस्तै किराना व्यवसायी दिनेश घिमिरे पटक-पटक निर्वाचन भएपनि व्यवसायीको समस्या जस्ताको तस्तै रहेकोले यस पटक निर्वाचनमा भोट हाल्न जाने या नजाने टुंगो नभएको बताउँछन् । यता इटहरीकै होलसेल जुत्ता चप्पलको कारोबार गर्दै आएका रमेश श्रेष्ठ पनि राजनीति भन्दा बाहिर आएर व्यवसायीहरूको मर्का बुझ्ने नेतृत्वलाई भोट दिने बताउँछन् ।

आगामी माघ २८ गते हुने निर्वाचनले इटहरी उद्योग वाणिज्य संघको माहोल यतिबेला बेग्लै बनेको छ । मतदाता व्यवसायीहरूलाई रिझाउन र जित आफ्नो पोल्टामा पार्न अध्यक्ष पदका उम्मेद्वारहरू भोट माग्न व्यस्त छन् ।



व्यवसायीको गुनासो सुने जस्तो गर्ने अनि मुन्टो हल्लाउँदै हुन्छ भनेर हिँड्ने उम्मेद्वार देखि आफ्नै लगानीमा व्यवसायहरू नविकरण गरिदिने र भोट माग्दै हिँड्ने उम्मेद्वार पनि यहि निर्वाचन प्रक्रियामा होमिएका छन् । अध्यक्ष पदका लागि इटहरीका युवा व्यवसायी जीवन पराजुली, व्यवसायी गायत्री कटुवाल, इटहरीकै व्यवसायी रञ्जु सिग्देल र होटल व्यवसायी मणिन्द्र कटुवाल निर्वाचनमा होमिएका छन् । पराजुली होटल व्यवसाय संघ इटहरीका अध्यक्ष हुन् भने गायत्री इटहरी उवासंघको वर्तमान कोषाध्यक्ष हुन् । त्यस्तै अर्की उम्मेद्वार सिग्देल संघकै वर्तमान सदस्य छिन् भने लायन्स क्लबमा पनि आवद्ध रहेकी छिन् । मणिन्द्र होटल व्यवसायमा आवद्ध छन् । निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक हस्तक्षेप र दलगत गुटबन्दीले संघका पदाधिकारी र सिंगो संगठन नै ट्र्याक बाहिर पुगेको छ । ब्यवसायीको हकहित संरक्षण र अधिकारका लागि स्थापित उद्योग वाणिज्य संघमा दलगत गुटबन्दी शुरू भएपछि संघको निर्वाचन पनि ट्र्याक बाहिर पुगेको हो ।

व्यवसायीको पिर मर्का बुझेर समाधान गर्ने भन्दा पनि दलगत रूपमा चुनावी प्रचारलाई अगाडि बढाएपछि उवासंघ ट्र्याक बाहिर पुगेको जनग्नासो छ। अध्यक्ष पदका लागि उम्मेद्वारी दिएका पराजुली र कटुवाल नेपाली कांग्रेसमा आवद्ध क्रियाशील सदस्यहरू हुन् । अहिले कांग्रेस पक्षधर दुई जना व्यवसायीहरु प्यानल बनाएर चुनावमा होमिएका छन् तर पार्टीले भने कटुवाललाई वैधानिकता दिँदै जिताउन व्यवसायीहरूमाझ आग्रह गरेको छ।

२०७० साल उता उवासंघ इटहरीमा रोहित प्रसाईंले नेतृत्व गरिरहँदा उनले व्यवसायीहरूलाई करको दायरामा ल्याउनुका साथै इटहरीलाई बन्द हुन नदिन सहासिक कदमको थालनी गरेका थिए । प्रसाईंले इटहरीका व्यवसायीहरूमा एक रूपता ल्याएर कार्यकाल सकेका थिए । प्रसाई पछि निर्वाचित बनेका लिलम बस्नेतले आफ्नै पालादेखि संस्थालाई ट्र्याक बाहिर पुऱ्याए । फलस्वरूप प्रसाईं भन्दा यता जे जति निर्वाचित भए उनीहरू आफू मात्र बने तर व्यवसाय र व्यवसायीहरू जहाँको त्यही रहे ।

यस अघिका निर्वतमान अध्यक्ष लिलम बस्नेत उद्योग वाणिज्य संघ इटहरीमा अध्यक्ष निर्वाचित भए लगत्तै प्रदेश सांसदको दौडमा लागेका थिए। ७४ को प्रदेश सभा निर्वाचनमा उनी प्रदेश सांसद पनि निर्वाचित भए। बस्नेत पछि उवासंघमा अध्यक्ष बनेका भिम पौडेल इटहरी कार्यभार छोडेर प्रदेशतिर दौडिए। पौडेल हाल प्रदेश एक उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष रहेका छन्। उनले पनि इटहरीको व्यवसायीहरूको पिर मर्का बुझ्ने भन्दा पदको दुरूपयोग गरी माथिल्लो दर्जा पुग्ने काम गरे। पौडेल इटहरी उवासंघमा अध्यक्ष बनिरहँदा व्यवसायीहरूले धेरै आश गरेका थिए । यतिमात्र नभइ सामाजिक क्षेत्रमा अग्रसर बन्दा पौडेलले सञ्चारमाध्यमहरूमा आफ्नो नाम अगाडि ल्याए तर खर्च भने उवासंघ इटहरीबाट भर्पाइ गराए ।

उद्योग वाणिज्य संघमा जे जति निर्वाचित भए उनीहरू आफूमात्र माथिल्लो निकायसम्म पुग्ने गरेको धेरैको गुनासो छ । इटहरीका व्यवसायीहरू वर्षौं देखि संघको भोट बैंक मात्रै बनिरहेका छन् । अहिले पनि निर्वाचनमा होमिएका तीनजना उम्मेद्वारहरू व्यवसायीको आँगनमा पुगेर भोट माग्ने काम गरिरहेका छन् । व्यवसायीहरूले घर भाडामा सहुलियत, बैंकको ऋणमा सहजिकरण र आन्तरिक करमा केहि प्रतिशत छुटको व्यवस्था मिलाइदिनेलाई मात्र भोट दिने बताउँदै आएका छन् ।

**साउदीमा रोजगार |** १. कम्पनी: **HERFY FOOD SERVICES CO** शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६१६ L.T. No.:279120 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **HERFY FOOD SERVICES CO** शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९४७ L.T. No.:247256 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Public Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ४ गते (16 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

**मलेसियामा रोजगारको अवसर |** १. कम्पनी: **BESGRADE PLYWOOD SDN BHD** शहर: KEDAH

पूर्व स्वीकृत मिति: २०७९/०४/१६ चलानी नं.: ६०१८४२९७ LT. No.: 268495 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 5 | 0 | स. काममा दक्ष | 1500 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुन ४ गते (16 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com
श्रम इजाजत नं. ८७५/०६६/०६७

**KUWAIT मा रोजगार |** कम्पनी : ALBRONZIYZ BAY SELECTS LADIES BEAUTY SALON COMPANY शहर: Kuwait

पूर्व स्वीकृत मिति:२०७९/१०/२५ चलानी नं.: ६०१९६२७८ LT. No.: 280777

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Art /hair Dersser/manicurist Pedicurist / Sa | 0 | 3 | स. काममा दक्ष | 150 | ६४,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ४ गते (16 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Aslesha International Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9803190690,9818330451, 9826144356,9801818437, Email: aslesha.international@gmail.com
श्रम इजाजत नं. १४०२/०७४/०७५

**साउदीमा रोजगार |** कम्पनी : SAUDI CANADIAN MINING SERVICES शहर : Saudi Arabia, Jeddah

पूर्व स्वीकृत मिति: २०७९/१०/२५ चलानी नं.: ६०१९६२५८ LT. No.:280774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 10 | 0 | स. काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुण ४ गते (16 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Believable Overseas Pvt.ltd.**
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501
ईजाजत नं. १२८३/०७४/०७५

**मलेसियामा रोजगारको अवसर |** कम्पनी: **DURAPOWER SDN BHD** शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०८/२६ चलानी नं.: ६०१९६२२६ L.T. No.: 277586 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 16 | 0 | स. काममा दक्ष | 1500 | ४६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुन ४ गते (16 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्स: २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५४५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३

**SAUDI मा रोजगार |** १. कम्पनी : **AL RAWAF CO FOR TRADING & CONTRACTING** शहर : KSA

पूर्व स्वीकृत मिति: २०७९/०९/१२ चलानी नं.: ६०१९३८८२ LT. No.: 278337 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Worker | 37 | 0 | | 1000 | ३५,०८० | | | | | | | |
| 3. | Loading Unloading Labour | 34 | 0 | | 1000 | ३५,०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ४ गते (16 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rays Recruitment Pvt. Ltd.**
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066

**Province Government**
**Ministry of Road Infrastructure and Urban Development**

## Transport Infrastructure Directorate
## Infrastructure Development Office
**Province No. 1, Bhojpur**

## Invitation for Bid

**IFB No.: 11/079/80**
**First Date of Publication: 2079/10/26 (February 09, 2023)**

1. Infrastructure Development Office, Bhojpur invites bids from eligible bidders for following procurement of works:

| S.N. | Contract Identification Number | Description and Location of work | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
